माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७८ साल मंसिर ०३ गते माण्डवी गाउँपालिका  गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।**

<u>प्रस्तावहरु</u>

१.समिक्षा सम्बन्धमा ।
२.सार्वजिनक सेवा प्रवाह सम्बन्धमा ।
३.शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि,२०७८ सम्बन्धमा ।
४.आर्थिक सहयोग सम्बन्धमा ।
५. अदुवा वेसार पकेट कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
६.बाख्राको साना व्यवसायि कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम सम्बन्धमा ।
७.विद्यालय खानेपानी तथा सरसफाइ कार्यक्रम सम्बन्धमा ।
८.आय आर्जन सुधार कार्यक्रम अनुदान सम्बन्धमा ।
९. रकम समायोजन सम्बन्धमा ।
१०.कर्मचारी माग आकृति फारम पठाउने सम्बन्धमा ।
११.आयोजना कार्यान्वयन सम्बन्धमा ।
१२. मर्कावाङ स्वास्थ्य चौकि निर्माण ठेक्का सम्बन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं.१ः-प्रस्ताव १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था वारेका व्यापक छलफल गरियो । कार्यान्वयनको अवस्थालाई यथाशिघ्र कार्यान्वनमा लैजाने निर्माण गरियो ।

निर्णय नं.२ः-प्रस्ताव २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले दिने सार्वजनिक सेवा प्रवाहहरुलाई प्रभावकारी,जनमूखि र नतिजा उन्मुख वनाउन सार्वजनिक सेवा प्रवाहका नविनतम Tools हरुको प्रयोग गर्ने तथा वडा कार्यालयबाट सम्पन्न गरिने आयोजनाहरुको सम्झौताका लागि जनता वा उपभोक्ता समिति संग सम्झौता सम्बन्धित वडा कार्यालयहरु मै गइ गर्ने निर्णय गरियो ।

निर्णय नं.३ः-प्रस्ताव ३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको शिक्षक व्यवस्थापनलाई प्रभावकारी कानुन सम्मत वनाउनका लागि शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि,२०७८ सर्वसहमतिबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४ः-प्रस्ताव ४ माथि छलफल गर्दा नेपाल कम्युनिस्ट पार्टि(माक्सवादी-लेमिनवादी)ले आर्थिक सहयोगका लागि पेश गरेको निर्णय अनुसार रु.१५ हजार अन्य संस्था सहायता शिर्षकबाट भूक्तानी निर्णय गरियो ।

निर्णय नं.५ः-प्रस्ताव ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कार्यालय जस्पुर,प्यूठानको २०७८/०६/२५ गते प्रकाशितल सूचना अनुसार" अदुवा वेसारको साना

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम अन्तर्गत रित पूर्वक पर्न आएका आवेदनहरुको अध्ययन गर्दा माण्डवी गाउँपालिका वडा नं.४ का सिरुवारी,नर्सु,सल्लिखर्क भेडावारी तथा माण्डवी गाउँपालिका वडा नं-३ को सल्लिकोट वस्तिवाट पकेट कार्यक्रम संचालन गर्न आवेदन प्राप्त भएकोमा कार्यविधि तोके बमोजिम" अदुवा वेसार पकेट कार्यक्रम कार्यान्वयन समिति माण्डवी गा.पा. वडा नं.३ र ४ लाई छनौट गरि कार्यान्वन गर्ने निर्णय गरियो ।

निर्णय नं.६ः-प्रस्ताव ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिका कार्यालय जस्पुर,प्यूठानको मिति २०७८/०६/२५ गते प्रकाशित सूचना अनुसार"बाख्राको साना व्यवसायिक कृषि उत्पादन(पकेट) विकास कार्यक्रम अन्तर्गत रित पुर्वक पर्न आएका अनुदानहरुको प्राविधिक,सामाजिक र आर्थिक दृष्टिकोण समेतको अध्ययन गर्दा माण्डवी गाउँपालिका वडा नं.-२ मा रहेको रानिपोखरी कृषि तथा पशुपन्छि कृषक समुहलाई छनौट गरि कार्यक्रम कार्यान्वयन कार्यविधिले तोके बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ः-प्रस्ताव ७ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आ.व.२०७८/०७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार"बहुक्षेत्रीय पोषण कार्यक्रमको" पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ कार्यक्रममा विनियोजन भएको रु.८ लाखले माण्डवी गा.पा. वडा नं.-५ मा रहेको ज्योति प्रा.वि.चकचकेमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.८ः-प्रस्ताव ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिकानको आ.व.२०७८/०७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार"बहुक्षेत्रीय पोषण कार्यक्रमको" पोषण सुधारका लागि विपन्न समुदायका महिला सहकारी समुह मार्फत आय आर्जनमा सुधार कार्यक्रम अनुदान"माण्डवी गा.पा. वडा नं.१ मा रहेको"ठुलिलेख महिला बचत तथा ऋण सहकारी संस्था मार्फत कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.९ः-प्रस्ताव ९ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणको रकम रु.१४४८३२.६६ पैसा नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेमा गाउँपालिकाको चालु खातामा फिर्ता पठाएको र उक्त रकम नेपाल सरकारलाई फिर्ता गर्दा विविध कोष खाताबाट फिर्ता गरिसकाले उक्त रकम चालु खर्च खाताको अन्य संस्था सहायता शिर्षकबाट विविध कोष खातामा ट्रन्सफर गरि हिसाव मिलान गर्ने निर्णय गरियो ।

निर्णय नं.१०ः-प्रस्ताव १० माथि छलफल गर्दा लुम्बिनी प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय,मुकाम बुटवल नेपालको च.नं. ८१४ मिति २०७८/०७/२६ गतेको प्राप्त पत्रानुसार कर्मचारी समानयोजन ऐन २०७५ को दफा १२(१)मा पर्देश वा स्थनीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरबन्दिमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत माण्डवी

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गाउँपालिका दरबन्दि पुर्तिका लागि माग आकृति फारम फठाउने निर्णय गरियो । पदपूर्तिको लागि माग गरिएका विवरणले गाउँपालिकालाई कुनै फरक नपर्ने व्यहोरा अवगत गराउदै स्थानीय सेवामा कर्मचारी सम्बन्धि कानुन नवने सम्मका लागि स्थानीय नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुलाई माण्डवी गाउँपालिकाले नै स्थानीय नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं.११ः-प्रस्ताव ११ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा स्विकृत वार्षिक वजेट तथा कार्यक्रमहरु मध्ये तपशिलका आयोजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार शिलवन्दी दरभाउ प्रक्रिया मार्फत e-bidding गरि सूचना प्रकाशनबाट कार्य प्रक्रिया अगाढी बढाउने निर्णय गरियो ।

तपशिल

१.खैरेनी तिमिले गणेश मा.वि. हुँदै वडा कार्यालय जोड्ने मोटरबाटो माण्डवी गा.पा. वडा नं.-१ रु.१० लाख ।

२. गणेश मा.वि.तिराम भौतिक संरचना निर्माण वडा नं.१ रु.१० लाख ।

३. कामाक्षी मा.वि.उदयपुरकोट छात्रावास र घेरावार निर्माण वडा नं.-४ रु.२०लाख ।

४. पुकरुक खुक्लिचौर मोटरबाटो स्तरउन्नति वडा नं.२ रु.१० लाख ।

५. तल्लो सिमलचौर देखि उपल्लो सिमलचौर जोड्ने सडक निर्माण वडा नं.१ रु.७ लाख ।

६. पिपलडाडा देखि उपल्लो सिमलचौर जोड्ने मोटरबाटो वडा नं.१ रु.१० लाख ।

७.रातापानी सिंचाईकुलो निर्माण वडा नं.-२ रु.८ लाख ।

८. माण्डवी गाउँपालिका प्रशासकीय भवन फर्निचर र फिक्चर्स सम्बन्धि खरिद कार्य माण्डवी गा.पा.-३ रु.२० लाख ।

निर्णय नं.१२ः-प्रस्ताव १२ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको वार्षिक स्विकृत नीति तथा कार्यक्रम अनुसार नेपाल सरकारको विशेष अनुदानमा आ.व.२०७८/०७९ का लागि प्राप्त रकम तथा LMBIS मा प्रविष्ट भएको आगामी दुइ(२) आ.व.का लागि रकम प्राप्त हुने जानकारी अनुसार स्विकृत परियोजना स्विकृत गर्दै बहुवर्षिय ठेक्का प्रणालिमा गएं विभिन्न कार्य सूचारु गर्नका लागि सार्वजनिक खरिद ऐन/नियमावली अनुसारको प्रक्रिया अवलम्बन गरि e-bidding मार्फत निर्णयका लागि ठेक्का लगाउने निर्णय गरियो ।

शिशिर ...
प्रमुख प्रशासकीय अ...